के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २२ गते सोमबार ❑ 9 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

बिआरआई परियोजना कार्यान्वयन गरिन्छः प्रधानमन्त्री दाहाल

रासस
काठमाडौं, २१ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनवादी गणतन्त्र चीनले अघि सारेको 'बेल्ट एन्ड रोड इनिसिटिभ' (बिआरआई) परियोजनाको कार्यान्वयनलाई प्राथमिकताकासाथ अघि बढाउने बताउनुभएको छ।

बिआरआई सुरुवात भएको १० वर्ष पुगेको उपलक्षमा आइतबार नेपाल-चीनमैत्री मञ्चले आयोजना गरेको 'बिआरआईको एक दशक : व्यापार, लगानी र सम्पर्क सञ्जाल' विषयक गोष्ठीमा प्रधानमन्त्री दाहालले बिआरआई परियोजना मनोकामनाको सूची नभई कार्यान्वयनयोग्य परियोजना भएको बताउनुभयो । उहाँले बिआरआईअन्तर्गत परियोजना छनोट र कार्यान्वयन हुनेगरी विकास निर्माणका परियोजना अगाडि बढाउने सरकारको स्पष्ट धारणा रहेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री दाहालले बिआरआई परियोजना कार्यान्वयनमार्फत विकास र समृद्धिलाई तीव्र गतिमा अगाडि बढाउन चाहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बिआरआई परियोजना अघि बढाउन केही ढिलाइ भएकोमा प्रश्नहरू यदाकदा सुनिने गरेका छन्। यसका लागि कोभिड महामारी, हाम्रो प्रणाली र संरचनागत सीमाहरू समेत जिम्मेवार छन् । तर, नेपाल बिआरआई परियोजना कार्यान्वयनमार्फत विकास र समृद्धिलाई तीव्र गतिमा अगाडि बढाउन चाहन्छ।"

नेपाल अब भूपरिवेष्ठित देशबाट भूजडित देश हुनेछ भन्ने चिनियाँ राष्ट्रपति सी चिनफिङको भनाइप्रति आफ्नो पूर्ण सहमति रहेको भन्दै प्रधानमन्त्री दाहालले उक्त विषय आफूले पनि केही दशकदेखि दृढतापूर्वक भन्दै आएको बताउनुभयो। "अब हामीले उक्त युक्तिलाई वास्तविकतामा बदल्न सामूहिक पहलकदमी लिनुपर्नेछ", उहाँले भन्नुभयो, "तसर्थ, यस्ता परियोजनाको वित्तीय लगानीको मोडेलका बारेमा हामी अझ मसिनो ढङ्गले छलफल गर्नेछौं । चिनियाँ पक्षले पनि लगानीसम्बन्धी आफ्नो नीतिमा पुनर्विचार गर्दै कतिपय परियोजनाका सन्दर्भमा नेपालका लागि अनुदान र सहायताको नीति लिने हाम्रो विश्वास छ।"प्रधानमन्त्री दाहालले विश्वकै लागि अनुकरणीय छिमेकी र असल मित्र राष्ट्र चीनको यो अभूतपूर्व विकास नेपालका लागि ठूलो शिक्षा र अवसर दुवै भएको बताउनुभयो । उहाँले नेपाल चीनको यो द्रूततर विकास, गरिबी निवारण तथा चीनले अगाडि सारेको दीगो विकास तथा साझा समृद्धिको अवधारणा (बिआरआई)बाट पूरा गर्न चाहेको उल्लेख गर्नुभयो। उहाँले नेपाललाई पूर्वाधार विकासमा ठूलो लगानीको खाँचो रहेको र परम्परागत स्रोतबाट प्राप्त हुने विकास सहायताबाट मात्रै आवश्यकता पूरा हुनसक्ने परिस्थिति नरहेको बताउनुभयो । विकास निर्माणलाई तीव्र बनाउन थप बाह्य पुँजीको खाँचो रहेकोको सन्दर्भमा बिआरआई नेपालका लागि महत्वपूर्ण स्रोत हुने उहाँको भनाइ छ। प्रधानमन्त्री दाहालले विगत १० वर्षमा बिआरआईमार्फत मात्र एक हजार अर्ब अमेरिकी डलरभन्दा बढी लगानी भएको तथ्याङ्क सावर्जनिक भइरहँदा नेपालले तुलनात्मक रूपमा उल्लेख्य लगानी भित्राउन नसकेको बताउनुभयो। उहाँले अब छिटै कार्ययोजना बनाएर समयवद्ध कार्यतालिकाअनुरूप दुबैतर्फका र साझा संयन्त्रलाई परिचालन गरेर छिटो काम गर्नुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री दाहालले नेपाल एक चीन नीतिको पक्षमा दृढ रहेको दोहोऱ्याउँदै नेपाली भूमि चीनविरोधी गतिविधिमा प्रयोग गर्न नदिइने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "नेपाल विगतदेखि नै एक चीन नीतिको पक्षमा दृढ रहँदै आएको छ। हामी वर्तमान र भविष्यमा समेत एक चीन नीतिप्रति दृढ रहनेछौँ । नेपाली भूमि चीनविरोधी गतिविधिमा प्रयोग गर्न दिइने छैन। यो नेपाल सरकारको प्रष्ट दृष्टिकोण हो ।" नेपालको आर्थिक सामाजिक विकासमा चीनले पुऱ्याएको मूल्यवान सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको उद्देश्य तथा सिद्धान्त र पञ्चशीलका सिद्धान्तमा आधारित नेपाल-चीन सम्बन्ध यस क्षेत्रकै शान्ति, स्थायित्व र समृद्धिका लागि महत्वपूर्ण रहेको र आफहरू सोही उद्देश्य प्राप्तिमा निरन्तर लाग्ने विश्वास व्यक्त गर्नुभयो । "मैले चिनियाँ नेता, प्राज्ञिक समुदाय र व्यावसायिक समुदायलाई पनि स्पष्ट भनेको छु । नेपालको तर्फबाट लिनुपर्ने पहलकदमी तथा नीतिगत र प्रक्रियागत अवरोध हटाउने काम नेपाल सरकारले गर्नेछ", प्रधानमन्त्री दाहालले भन्नुभयो," चिनियाँ पक्षले पनि नेपालसँगको आर्थिक, सामाजिक, साँस्कृतिक तथा जनस्तरको सम्बन्धलाई प्रवर्द्धन गर्न आफ्नो ठाउँबाट भूमिका खेलिदिनुपर्छ। दुवै पक्षको जीत हुने गरी हामीबीच समबन्ध विस्तार गरी दुबै मुलुकका हितको प्रवर्द्धन गर्न सकिने ठूलो सम्भावना छ। त्यो सम्भावनालाई पूराका पूरा अवसरमा बदलौँ ।" प्रधानमन्त्री दाहालले विगतमा आफू सरकारको नेत्तृवमा रहँदा र चिनियाँ राष्ट्रपति सी चीनफिङको सन् २०१९ मा भएको नेपाल भ्रमण र त्यसपछि पनि भएका विभिन्न द्विपक्षीय भ्रमणका उपलब्धिलाई संश्लेषण गर्दै बिआरआईमा आधारित परियोजना अघि बढाउन नेपाल प्रतिबद्ध रहेको बताउनुभयो। चीनले अघि सारेको बिआरआईले २१औँ शताब्दीमा पूर्वाधार र आर्थिक विकास परियोजनाको प्रतिनिधित्व गर्ने उहाँको भनाइ छ । एक दशकमा बिआरआईले अन्तरदेशीय रूपमा विश्वव्यापार, लगानी, सम्पर्क सञ्जाललगायतका क्षेत्रमा लगानी प्रवाह गरेको उहाँको भनाइ छ। चीनका राष्ट्रपति सी चिनफिङले सन् २०१३ मा अघि सार्नुभएको विभिन्न भूगोल, संस्कृति र सभ्यताबीच सम्पर्क सञ्जालको विस्तार गरी लाभ-लाभको सिद्धान्तमा आधारित समावेशी विकासको बृहत अवधारणा (बिआरआइ) का बहुआयमिक पक्षबारे सही जानकारी सम्प्रेषण गर्न कार्यक्रमले भूमिका खेल्नेमा उहाँले विश्वास गर्नुभयो । "नेपाल र चीनबीच हिमाल छिचोल्ने बहुआयमिक सम्पर्क सञ्जालको बिस्तारबाट साझा चासोको सम्बोधन गर्ने र साझा समृद्धि हासिल गर्ने हाम्रा साझा प्रयत्नबारे बुझ्न, उपयुक्त उद्देश्य हासिल गर्नका लागि दुबै मुलुकका सरकार र जनताबीच सहकार्यलाई प्रवर्द्धन गर्न तथा द्विपक्षीय हित र चासोलाई सम्बोधन गर्ने दुबैतर्फका सम्भावना, प्राथमिकताहरू, भूमिका र अपेक्षित उपलब्धिबारेमा पनि यस कार्यक्रमको निष्कर्ष दुबै सरकार र निजी क्षेत्रका लागिसमेत एक महत्वपूर्ण सन्दर्भसामग्री हुने विश्वास लिएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो।

प्रधानमन्त्री दाहालले हालै सम्पन्न आफ्नो चीनको औपचारिक भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङ, प्रधानमन्त्री लि छ्याङ्गसँग द्विपक्षीय हित तथा चासोका सबै विषयमा वार्ता, छलफल र कुराकानी भएको बताउनुभयो । मेरो चीन भ्रमणका क्रममा भएका १३ वटा विभिन्न समझदारी र सम्झौता एवं संयुक्त वक्तव्यमा उल्लेख भएका समझदारीले नेपाल र चीनबीचको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्नेमा प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गर्नुभयो। "मेरो चीन भ्रमणले दुई देशबीच उच्च राजनीतिक तहमा थप सुदृढ समझदारी विकास गर्न र यस क्षेत्रमै शान्ति, स्थायित्व तथा साझा समृद्धि हासिल गर्न सघाउ पुग्नेमा म विश्वस्त छु", प्रधानमन्त्री दाहालले भन्नुभयो, "ती सबै सम्झौता र भ्रमणको नतिजा कार्यान्वयन चरणमा गएपछि प्रत्यक्ष अनुभूति हुनेगरी देखिनेछन् ।" उहाँले उक्त भ्रमणले नेपाल-चीन सम्बन्ध नयाँ उचाइमा लैजान मद्दत गरेको बताउनुभयो।

इजरायलबाट नेपालीको उद्धार गर्न सभापति देउवाको आग्रह

रासस
काठमाडौं, २१ असोज

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले इजरायलबाट नेपालीको उद्धार गरी स्वदेश फिर्ता ल्याउन आग्रह गर्नुभएको छ।

इजरायलका विभिन्न स्थानमा भएका आक्रमणमा परी केही नेपाली घाइते तथा केहीलाई कब्जामा लिइएको घटनाप्रति आफ्नो ध्यानाकर्षण भएको उल्लेख गर्दै उहाँले विज्ञप्तिमार्फत घटनाको भर्त्सना गर्नुभएको छ।

इजरायलमा बसोबास गर्दै आएका नेपालीको यकीन तथ्याङ्क पत्ता लगाई उनीहरूको जीवन रक्षा तथा उनीहरूलाई तत्काल सुरक्षित स्थानमा पुऱ्याउन सभापति देउवाले आग्रह गर्नुभएको छ । आवश्यक उद्धार गरी यथासम्भव स्वदेश फर्काउनका लागि नेपाल सरकारले अविलम्ब कूटनीतिक पहल गर्नसमेत उहाँले माग गर्नुभएको छ । सभापति देउवाले इजरायलमा कार्यरत नेपालीलाई स्वदेश फर्कने वातावरण निर्माण गरिदिन मित्रराष्ट्रहरू, अन्तर ष्ट्रिय मानव अधिकारवादी सङ्घसंस्था, आप्रवासी सङ्गठन (आइओएम), अन्तर्राष्ट्रिय रेडक्रस समितिलगायत सम्बद्ध सबै अन्तर ष्ट्रिय समुदायसँग पार्टीका तर्फबाट आग्रह गर्नुभएको छ। उहाँले अप्ठ्यारोमा परेका नेपालीले आवश्यक सहयोगका लागि इजरायलस्थित नेपाली दूतावास एवं नेपाली जनसम्पर्क समितिमा सम्पर्क गर्नुहुन आह्वान गर्नुभएको छ।

नेपालको भौतिक विकासमा चीनको सहकार्य रहन्छ : राजदूत सोङ्

रासस
काठमाडौं, २१ असोज

नेपालका लागि चिनियाँ राजदूत चेन सोङ्गले चीनले अघि सारेको 'बेल्ट एन्ड रोड इनिसेटिभ' (बिआरआई) परियोजनाको माध्यमबाट नेपालको भौतिक विकासमा सहकार्य गर्ने बताउनुभएको छ।

बिआरआईको दस वर्षको उपलक्ष्यमा आइतबार नेपाल-चीनमैत्री मञ्चले यहाँ आयोजना 'बिआरआईको एक दशक : व्यापार, लगानी र सम्पर्क सञ्जाल' विषयक गोष्ठीमा उहाँले चीन र नेपालबीचको सम्बन्धलाई बलियो बनाउँदै बिआरआईमा सहकार्र्य अघि बढाएर पूर्वाधार विकासमा सहयोग गरिने उल्लेख गर्नुभयो।

राजदूत सोङ्गले चीन बिआरआई परियोजनामार्फत नेपालको कनेक्टिभिटी, सडक, रेल, बन्दरगाह, दूरसञ्चार र हवाई उड्डयनआदि क्षेत्रमा सहकार्य गर्न तयार रहेको उल्लेख गर्नुभयो। उहाँले हिमालय सीमापार बहुआयामिक सम्पर्क सञ्जाल विस्तार र विकासमा पनि चीन सहयोग गर्न तत्पर रहेको बताउनुभयो। चिनियाँ राष्ट्रपति सी चिनफिङको सन् २०१९ मा नेपालमा भएको ऐतिहासिक भ्रमणका क्रममा बिआरआई परियोजना अघि बढाउन दुई देशबीच समझदारी बनेको उल्लेख गर्दै राजदूत सोङ्गले यसलाई कार्यान्वयन गरेर नेपालले लाभ लिनुपर्ने धारणा राख्नुभयो। उहाँले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप बलियो बनाउन र आपसी हितका विषयमा साझेदारीका लागी मञ्च उपयोगी हुने बताउनुभयो।

चीन नेपालको कृषि उत्पादन बढाउन र कृषि सामग्रीलगायत वस्तु आयात गर्न तयार रहेको छ भन्दै राजदूत सोङ्गले कृषिको आधुनिकीकरण, ऊर्जा र व्यापार प्रवर्द्धनका लागि पनि चीन सरकारको महत्वपूर्ण सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले औद्योगिक क्षमता अभिवृद्धि गर्दै नेपाली जनताको जीविकोपार्जन बढोत्तरी गर्न पनि चीनको सहयोग रहने बताउनुभयो । कार्यक्रममा काठमाडौँ स्कुल अफ लका प्रोफेसर डा युवराज सङ्गौलाले नेपालको आर्थिक र सामाजिक विकासमा बिआरआई परियोजनाले निर्वाह गर्नसक्ने भूमिकाबारे चर्चा गर्नुभयो। नेपाल-चीनमैत्री मञ्चका अध्यक्ष डा कल्याणराज शर्माले दुईपक्षीय हित र समृद्धिलाई अवसरका रूपमा बिआरआई परियोजना कार्यान्वयन गरी नेपालले लाभ लिनसक्ने धारणा व्यक्त गर्नुभयो।

लेखक डा सरोज धितालले बिआरआईको अवसरलाई नेपालले सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिनुभयो। गोष्ठीमा व्यापार सम्बन्ध, लगानीका अवसर, सम्पर्क सञ्जाल विस्तार र औद्योगिक विकास तथा शैक्षिक सहकार्यका विषयमा विज्ञहरुद्वारा प्रस्तुत कार्यपत्रमा समूहगत छलफलबाट आगामी रणनीति तयार गरिनेछ । उक्त गोष्ठीमा नेपाल र चीनबीच अनुसन्धान तथा शैक्षिक सहकार्य र नेपालमा बिआरआईः लगानी तथा व्यापारको शैलीमा परिवर्तन विषयमा समूहगत छलफल गरिएको थियो।

पोखरामा रोटरीको इन्टरसिटी मिटिङ

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

रोटरी इन्टरनेशनल नेपाल ३२९२, नेपाल-भुटानअन्तर्गत रिजन-४ को इन्टरसिटी मिटिङ सम्पन्न भएको छ । पोखरामा शनिबार भएको मिटिङ खासगरी रोटरीको दिगो योजना निर्माण र स्रोत पहिचान विषयमा केन्द्रित थियो।

वर्ष २०२३/२४ का लागि रोटरीका डिस्ट्रिक्ट गभर्नर राजेन्द्रप्रसाद ध्वजुको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वक्ताले रोटरीका योजना छनोट कसरी गर्ने र स्रोत पहिचान कसरी गर्ने भन्नेबारेमा आ-आफ्नो राय प्रस्तुत गरेका थिए । डिष्ट्रिक्ट गभर्नर ध्वजुले रोटरी सामाजिक काम गर्ने ठुलो संस्था भएको बताउँदै समाजले लाभ लिने विभिन्न प्रोजेक्ट गर्दै जानुपर्ने सुझाव दिए। कार्यक्रममा डिष्ट्रिक्ट गभर्नर नोमिनी विनोद कोइरालाले कार्यक्रमको सहजीकरण गर्दै रोटरीमा सेवाको अवसर र स्रोत कसरी परिचालन गर्ने भन्ने विषयमा बोलेका थिए। एनएमबि बैंकका पूर्व सिइसो समेत रहेका रोटरियन उपेन्द्र पौड्यालले सामाजिक उत्तरदायित्वको सम्भावना र चुनौतीबारे आफ्नो प्रस्तुति राखेका थिए । यस्तै, ब्रिटिस नागरिक वरिष्ठ समाजसेवी डगलस म्याक्लगनले सामाजिक कार्यका लागि वित्तीय स्रोत कसरी पहिचान गर्नेबारेमा बोलेका थिए। कार्यक्रममा निवर्तमान डिष्ट्रिक्ट गभर्नर जितेन्द्रबाबु राजभण्डारी, पूर्व गभर्नर सन्तोष रिजाल, पूर्व गभर्नर सञ्जय गिरी लगायतले पनि बोलेका थिए । इन्टरसिटी मिटिङका सभापति इविन्द्र तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत डिष्ट्रिक्टका सहसचिव सन्तोष पोखरेल, धन्यवाद ज्ञापन डिष्ट्रिक्ट मेम्बरसिप चेयर सुवाश सिग्देलले गरेका थिए। कार्यक्रम सञ्चालन रिजनल ट्रेनिङ चेयर लक्ष्मी थापा गिरीले गरेकी थिइन्। रोटरी इन्टरनेशनल नेपाल ३२९२, नेपाल-भुटानअन्तर्गत रिजन-४ मा कुल १७ रोटरी क्लब छन् । तीमध्ये १५ रोटरी क्लबले भाग लिएको रोटरी लेकसाइडका अध्यक्ष शोभाकान्त सिग्देलले बताए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

कास्की क्रिकेट क्लव र अरण्यज्योती विजयी

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

पोखरा महानगर खेलकुद विकास समितिको आयोजना पोखरा रंगशालामा जारी पोखरा महानगर स्तरिय अन्तर क्लव टी-२० क्रिकेट प्रतियोगितामा आइतबारका खेलहरुमा कास्की क्रिकेट क्लव र अरण्यज्योती क्रिकेट क्लव विजयी भएका छन् । पहिलो खेलमा कास्कीले राइजिङ्ग क्रिकेट क्लवलाई ७ विकेटले पराजित गऱ्यो ।

टस जितेर व्याटिङ्ग गरेको राइजिङ्गले १३ ओभरमा सम्पूर्ण विकेट गुमाएर ४७ रन बनाएको थियो । राजइजिङ्गका अनिल गुरुङ्गले १८ रन जोडे । कास्की क्रिकेटका बलरहरु नितेश गिरी र आदित्य थापाले समान ३ विकेट लिए । ४७ रनको लक्ष्य कास्कीले १३.२ ओभरमै भेट्यायो । कास्कीका विष्णु सर्माले १९ तथा शाहिल कुँवरले १३ रन बनाए । बलिङतर्फ ३ विकेट लिएका कास्कीका आदित्य थापा म्यान अफ द म्याच भए । उनलाई आयोजक समितिका सदस्य सचिव सुवास खड्काले पुरस्कृत गरे । अर्को खेलमा अरण्यज्योतीले पोखरा क्रिकेट क्लवलाई २ विकेटले पराजित गऱ्यो । पहिला व्याटिङ्ग गरेको पिसिसीले पुरा २० ओभरमा ७ विकेट गुमाएर १ सय ३२ रन बनाएको थियो । पिसिसीको तर्फबाट मुस्कान थापाले ६० तथा अर्जुन बुढाथोकीले ३५ रन बनाए । अरण्यज्योतीका बलरहरु इर्सादि आलमले ३ तथा सन्तोष सर्माले २ विकेट लिए । अरण्यज्योतीले १७.३ओभरमा ८ विकेट गुमाएर जित हाँसिल गऱ्यो । अरण्यज्योतीको व्याटिङ्गमा म्यान अफ द म्याच अषेश न्यौपानेले ५१, दिवस गिरीले २२ तथा सन्तोष सर्माले १७ रन जोडे । पिसिसीका विजय रावतले ह्याट्रिक सहित ३ विकेट लिए । प्रमोद बास्तोलाले २ विकेट लिएका थिए ।

विद्यालयमा प्रधानाध्यापक बन्न खुल्ला प्रतिस्पर्धा

पोखरापत्र संवाददाता
स्याङ्जा, २१ असोज

सामुदायिक विद्यालयको शैक्षिकस्तर खस्किदै जान थालेपछि वालिङ नगरपालिकाले प्रधानाध्यापक बन्न खुल्ला प्रतिस्पर्धा गराउने भएको छ ।

विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउन प्रधानाध्यापकलाई खुल्ला प्रतिस्पर्धाबाट चयन गरिने भएको हो । नगरभित्रका आधारभुत ८ र माध्यमिक तहका १६ ओटा गरी २४ ओटा सामुदायिक विद्यालयमा खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक चयन हुने नगर प्रमुख कृष्ण खाँणले जानकारी दिए । नगर प्रमुख खाँणका अनुसार पहिले चरणमा आधारभुत तह कक्षा १-८ संञ्चालित सवै विद्यालय र माध्यामिक तर्फ ८ वटा विद्यालयमा खुल्ला प्रतिस्पर्धा गराइने भएको छ । खस्किँदै गरेको शैक्षिक गुणस्तरलाई सुधार गर्नका लागि नगरपालिकाले योग्यता र क्षमताका आधारमा प्रतिस्पर्धाबाट प्रधानाध्यापक चयन गर्ने निर्णय गरेको नगर प्रमुख खाँणले बताए । 'विद्यालयको शैक्षिक गुणस्तर कस्तो बनाउने भन्ने बिषय प्रधानाध्यापकको हातमा रहेको हुन्छ' नगर प्रमुख खाँणले भने,'प्रअलाई प्रतिस्पर्धा गराएर चयन गर्दा सुधारिन्छ कि भन्ने विश्वासमा छौं ।' प्रतिस्पर्धाबाट चुनिएका प्रअलाई अधिकार सहित विद्यालयको जिम्मेवारी समेत दिने छौं नगर प्रमुख खाँणले भने । वालिङ नगरपालिकाको कार्यपालिकाको बैठकले नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा प्रअ नियुक्ति गर्दा प्रतिस्पर्धाबाट गराउने निर्णय गरेको थियो । कार्यापालिकाले गरेको निर्णयलाई नगरपालिकाले नगरस्तरीय प्रअको बैठकमा नगर प्रमुख खाँणले जानकारी गराएको बताए । 'नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयलाई अझै अभिभावहरुको विश्वासिलो बनाउन जरुरी छ' उनले भने सवै सरकारी कर्मचारी जनप्रतिनिधि र शिक्षक शिक्षिकाहरुले पनि आफ्ना नानिबाबुहरुलाइ सामुदायिक विद्यालयमा पढाउने प्रतिवद्धता समेत गरिएको छ ।' नगरको शैक्षिक सुधारका लागि सम्वन्धित सरोकारवालाहरु नै नलागे सम्म शिक्षाको गुणस्तर परिवर्तन हुदैन उनले भने । वालिङ नगरपालिकाले निर्माण गरेको शिक्षा ऐनमा वालिङ नगरपालिका भित्रका शिक्षकहरुले आधारभुत तहमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक र माध्यामिक तहमा कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको र स्नातकोत्तर पास गरेको अथवा १० वर्ष स्थायी सेवा र स्नातक गरेको शिक्षक प्रधानाध्यापक हुने कानुनी व्यवस्था रहेका छ । नगरपालिकाले विद्यालय सुधारका लागि प्रअलाई खुल्ला प्रतिस्पर्धा गराउने निर्णयको नगरवासीले खुलेर प्रशंसा गरेका छन् । निर्णय एकातिर काम अर्कोतिर नहोस भन्ने सुझाव उनीहरुको छ । राजनीतिक आडमा भन्दा पनि क्षमताको आधारमा प्रअ नियुक्ति गर्नुपर्नेमा उनीहरुले सुझाएका छन् । वालिङ नगरपालिकाले झण्डै ३ बर्ष अगाडी शैक्षिक सुधारमा विद्यालय व्यवस्थापन समितिको पनि उत्तिकै भुमिका रहने भन्दै सबै सामुदायिक विद्यालयमा एकै दिन समिति चयन गर्ने व्यवस्था गरेको थियो । ७१ ओटा सामुदायिक विद्यालयमा एकै दिन समिति चयन गर्ने पालिकाको प्रयास गण्डकी प्रदेशमै पहिलो भएको बताइएको थियो । प्रअ नियुक्तिको बिषय पनि खुल्ला प्रतिस्पर्धाबाट गराउने निर्णय पनि प्रदेशकै पहिलो भएको अनुमान गरिएको छ ।

वाटुलेचौरको कालिका मन्दिरमा बडादशैंभर दुर्गा पुजा हुने

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

पोखरा १६ वाटुलेचौरस्थित ऐतिहासिक कालिका मन्दिरमा यस वर्ष पनि वडादशैंको अवसरमा नवदुर्गा पुजा तथा आरती गरिने भएको छ ।

हिमालय क्लवको आयोजनमा यही असोज २८ गतेदेखि कार्तिक ७ गते वडादशैंको टिकाको दिनसम्म विभिन्न कार्यक्रम सहित दुर्गा पुजा गरिने क्लवका अध्यक्ष सुशील वस्नेतले जानकारी दिनुभयो ।क्लवले पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा पुजाको तयारी अन्तिम चरणमा पुगेको र विभिन्न समुदायले तयारी तिव्र पारेको सचिव शिवराज देवकोटाले जानकारी दिनुभयो । वाईसी चौविसे राजाका पाला देखि नै हुँदै आएको पुजालाई व्यवस्थीत रुपमा सम्पन्न गर्न क्लवका निवर्तमान अध्यक्ष मोहन वहादुर थापाको संयोजकत्वमा दुर्गा पुजा व्यवस्थापन समिति समेत गठन गरिएको छ ।दशैंको साँस्कृतिक तथा धार्मिक पक्षलाई जोगाई राख्न र यसको ऐतिहासिकताका विषयमा नयाँ पुस्तालाई जानकारी दिन कार्यक्रमलाई निरन्तरता दिईएको संयोजक थापाले वताउनुभयो ।

पुजा अर्न्तगत घटस्थापनाको दिन देखि दशमीसम्म विहान नित्य पुजा, चण्डी पाठ र घटस्थापना गरिने साँझ सन्ध्याकालिन महाआरती, १सय ८ दिप प्रज्वलन, भजन किर्तन तथा परियार समुदायको नहरा प्रस्तुति र गन्धर्व समुदायले माल श्री धुन प्रस्तुत गर्ने तयारी गरिएको छ । फुलपातीको दिन क्षेत्री समाजको संयोजनमा चण्डीका, अम्विका र कालिका मन्दिरको परिक्रमा सहित कलश यात्रा गरिने वताईएको छ ।नियमित रुपमा पुजा आजा हुने भएता पनि नवदुर्गा भर विशेष पुजा अर्चना हुने र महाअष्टमीको साझँ दिप प्रज्वलन, कालरात्री पुजा र महाआरती सहितको विशेष पुजा हुने कालिका मन्दिरका पुजारी नारायण प्रसाद देवकोटाले जानकारी दिनुभयो ।विशेष दुर्गा पुजा दशैं अवधिभर विहान र साँझमा नियमित हुने वताईएको छ । हिमालय क्लवको संयोजनमा हुने दुर्गा पुजामा शुक्ला साहित्य प्रतिष्ठान,बडहरवोट आमा समुह, संरक्षण आमा समुह,नेवाः खल वाटुलेचौर, मैदान आमा समुह,क्षेत्री समाज, कालिका मन्दिर तथा कोत मामलियत व्यवस्थापन समिति र मानव अधिकारका लागी महिला एकल महिला समुह, परियार समाज लगायतका संघ संस्थाको सहकार्य रहेको क्लवले वनाएको छ । उक्त मन्दिरमा चौविसे राजा कुलमण्डन शाहको पाला देखि नै पुजा आजा हुदैं आईरहेको वताईएको छ ।

बालअधिकार सम्बन्धी तालिम

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

बालक्लबका पदाधिकारीका लागि बालअधिकारसम्बन्धी तालिम सम्पन्न भएको छ । नौलो घुम्ती नेपालद्वारा संचालित एकीकृत सामुदायिक विकास परियोजनामार्फत मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गाउँपालिका कास्कीको समन्वयमा भाद्र २१ गतेदेखि असोज १९ सम्म विभिन्न मितिमा पालिकाका विभिन्न विद्यालयमा आयोजना गरिएको हो ।

गुड नेवर्स ईन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग रहेको तालिममा गुड नेवर्स ईन्टरनेशनलका बालसंरक्षण अधिकृत भीम तामाङ र नौलो घुम्ती नेपालका परियोजना अधिकृत महेश विश्वकर्माले सहजीकरण गरेका थिए । तालिमबाट मादी गाउँपालिका १० को श्री जनमन्दिर आधारभूत विद्यालय, श्री जनकल्याण माध्यमिक विद्यालय, माछापुच्छ्रे गाउँपालिका ९ को श्री गौरीशंकर मणिलाल माध्यमिक र श्री सरस्वती आधारभूत विद्यालय, अन्नपूर्ण गाउँपालिका ४ को श्री प्रगतिशील माध्यमिक विद्यालयका १०५ जना बालबालिकासहित क्लबका पदाधिकारी तथा संरक्षण शिक्षक लाभान्वित भएका छन् । सहभागीकातर्फबाट बोल्दै प्रगतिशील बालक्लब अध्यक्ष नन्दिता वि.क.ले विद्यालयको दैनिक पाठ भन्दा अतिरिक्त विषयवस्तुबारे जानकारी तथा सचेतना मिलेकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरिन् । सहभागीले परियोजनाले सञ्चालन गरेका अधिकार मैत्री कार्यक्रम र शैक्षिक विकासका लागि गरेको सहयोगप्रति आभार व्यक्त गरेका थिए ।

विद्यार्थीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आग्रह

रासस
चितवन, २१ असोज

चितवनको रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट 'कृषि कार्य अध्ययन कार्यक्रम'मार्फत इजरायल गएका विद्यार्थीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आग्रह गरिएको छ ।

आफ्नो विश्वविद्यालयबाट इजरायल गएका विद्यार्थी हालसम्म सुरक्षित रहेको जानकारी दिँदै विश्वविद्यालयले उनीहरुलाई स्थानान्तरण गर्न अनुरोध गरेको छ । विश्वविद्यालयले प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा नेपालस्थित इजरायली राजदूतावास एवं इजरायलस्थित नेपाली राजदूतावासँग विद्यार्थीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आग्रह गरेको छ । कृषि विश्वविद्यालय रजिष्टारको कार्यालय, रामपुरले आज विज्ञप्ति जारी गर्दै यहाँबाट सन् २०२२ र सन् २०२३ मा गएका सम्पूर्ण विद्यार्थीलाई हाललाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा आवश्यक सहयोगका सम्बन्धमा पहल भइरहेको जनाएको छ । विद्यार्थीसँग नियमित सम्पर्कमा रहेको उल्लेख गर्दै विश्वविद्यालयले सुरक्षाका उपाय अपनाउन र सजक रहन उनीहरुलाई अनुरोध गरेको छ ।

कृषि कार्य अध्ययन कार्यक्रममार्फत यहाँबाट सन् २०२३ मा एक सय १३ र सन् २०२२ मा ६ विद्यार्थी भएका विश्वविद्यालयले जनाएको छ । "हालसम्म हामीलाई प्राप्त सूचनाअनुसार विश्वविद्यालयका सबै विद्यार्थी इजरायलमा सकुसल छन्", विज्ञप्तिमा उल्लेख छ । इजरायलमा भएको आतङ्ककारी हमलाप्रति विश्वविद्यालयले खेद प्रकट गरेको छ ।

बाराही बचत तथा ऋण सहकारी संस्था लि.
बिरौटा, पोखरा-१७
फोन नं.: ०६१-४६३१८७

२४औं बार्षिक साधारण सभामा उपस्थित हुनेबारे ।

यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८० भाद्र ५ गते सम्पन्न संस्थाको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २४औं बार्षिक साधारण सभाको कार्यक्रम निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा उक्त कार्यक्रममा यहाँको अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछु ।

छलफल तथा पारित गरिने प्रस्तावहरू:
- कोषाध्यक्षद्वारा प्रस्तुत संस्थाको आ.व २०८०/०८२ को प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट ।
- लेखा समितिको प्रतिवेदन छलफल तथा पारित ।
- अध्यक्षद्वारा प्रस्तुत संस्थाको सञ्चालक समितिको प्रतिवेदन उपर छलफल तथा पारित ।
- आ.व. २०७९/०८० को संस्थाको लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित ।
- आ.व. २०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति एवं निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
- निर्णय पुस्तिका हस्ताक्षर गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।
- विविध ।

कार्यकम
मिति- २०८० असोज २८ गते आइतबार ।
समय - दिउसो १.०० बजे ।
स्थान - पोखरा-कालाबाङ घडेरी तमु समाजको सभाहल पोखरा, १७ कास्की (बरालफिड अगाडी) ।

पुनश्च : साधारण सभामा शेयर सदस्य स्वयम् उपस्थित हुनुहोला । यस बर्ष कक्षा १२ मा, सस्थाका शेयर सदस्यका छोरा र छोरी मध्येबाट ११ जना उत्कृष्ट हुने बाबुनानीहरुलाई पुरस्कार तथा सम्मानको कार्यक्रम भएको हुँदा यदि तपाईं, शेयर सदस्यहरुका छोराछोरीले यसै वर्ष कक्षा १२ परीक्षा उत्तिर्ण गर्नुभएको भए प्राप्त लब्धाङ्क-पत्रको फोटोकपी मिति ०८० असोज २४ गतेसम्ममा संस्थामा उपलब्ध गराईदिनुहोला ।)

(नोट - सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई यातायात खर्च वापत रु.१०००।- ब्यवस्था गरिएको छ ।)

खिम बहादुर पहारी
(सचिव)

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

सम्पादकीय

इजरायलमाथिको आक्रमण निन्दनीय

प्यालेस्टाइनी लडाकू समूह हमासले गरेको आक्रमणपछि दक्षिणी इजरायलमा नेपाली हताहत भएको हुनसक्ने सरकारले बताएको छ । ४ हजार ५०० नेपाली इजरायलमा केयर गिभरका रूपमा कार्यरत छन् । २६५ जना विद्यार्थी इजरायल सरकारको 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत गएका थिए । कृषि विश्वविद्यालयबाट ११९, त्रिभुवन विश्वविद्यालयबाट ९७ जना र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना गएका थिए । सूप विश्वविद्यालयबाट गएका ४९ जनामध्ये १७ जना नेपाली दक्षिणी इजरायलको किबुज अलुमिम भन्ने स्थानमा अध्ययनरत थिए । परराष्ट्रमन्त्री एनपी साउदका अनुसार १७ जना नेपालीमध्ये दुई सकुशल छन् भने तीन जनाको स्थानीय अस्पतामा उपचार भइरहेको छ ।

नेपाल सरकारले इजरायलमा रहेका नेपालीको उद्धारका लागि परराष्ट्रमन्त्री एनपी साउदको नेतृत्वमा एउटा संयन्त्र स्थापना गरेको छ । आइतबार बिहान सिंहदरबारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा बसेको मन्त्रिपरिषद्को बैठकले इजरायलमा रहेका नेपालीको अवस्था बुझ्न, उनीहरूको उद्धार गर्न र समग्र परिस्थितिको मूल्यांकन गरी समन्वय र सहकार्य गर्न उक्त संयन्त्र गठन गरेको छ । संयन्त्रले घटनाको निरन्तर अनुगमन, वस्तु स्थितिको समग्र मूल्याङ्कन गरेर नेपालीहरूको अवस्था पहिचान गर्ने, उद्धार गर्नुपर्ने अवस्थामा आवश्यक निर्णय लिने, समन्वय तथा सहयोगका सम्पूर्ण कार्यहरू गर्ने बताइएको छ । इजरायलमा नेपाली कृषि लगायत अन्य कामका लागि जानेको संख्या ठूलो छ । नेपाली अध्ययन र रोजगारीका लागि जाने गरेका छन । त्यहाँ हुने हरेक घटनाक्रमले नेपालीलाई छुनु स्वभाविक हो ।

नेपाल सरकार र नेपाली दुतावासले यस्तो बेला बढी सक्रिय हुनुपर्छ । क्षण क्षणमा जानकारी गराउनुपर्छ । इजरायलस्थित नेपाली दूतावासले आक्रमण प्रभावित क्षेत्रमा बसोबास गर्ने नेपालीहरूसँग सम्पर्कमा रहेको बताउँदै नेपालीको सुरक्षा र उद्धारका साथै घाइतेको उपचारका लागि पनि दूतावासले इजरायली अधिकारीसँग समन्वय गरिरहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

सरकारले इजरायलमाथि भएको आतंकवादी आक्रमणको कडा निन्दा गरेको छ । सरकारले आतंकवादविरुद्धको लडाइँमा इजरायल सरकारको समर्थन गर्दै ऐक्यबद्धता जनाएको छ । सरकारले इजरायलको अवस्थालाई ध्यानमा राख्दै त्यहाँ रहेका नेपाली नागरिकहरूलाई सतर्क रहन र सुरक्षाका उपायहरू पालना गर्न अनुरोध गरेको छ । सरकारले इजरायल सरकार र कुटनैतिक नियोग र मानवीय क्षेत्रमा काम गर्ने संघ संस्थाको सहयोग लिएर आफ्ना नागरिकको लागि हर किसिमले सुरक्षाको लागि प्रयास गर्नु नागरिकप्रतिको कर्तव्य हो ।

तपाईको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: सत्कार मिल्नेछ
वृष	: शत्रुको भय	वृश्चिक	: सम्मान मिल्नेछ
मिथुन	: झमेला बढ्ने	धनु	: आर्थिक समस्या
कर्कट	: कार्यमा सफलता	मकर	: मानसिक तनाब
सिंह	: मन चञ्चल	कुम्भ	: शारीरिक झमेला
कन्या	: सहयोग मिल्नेछ	मीन	: ब्यापारमा लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

सेन्ट्रल गार्डनको कौसी खेती तथा बिउ बिज सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले पार्वती टोल पोखरा बसपार्कमा एकदिने कौसी खेती तालिम तथा बिउ बिज सहयोग कार्यक्रम सम्पन्न गरेको छ ।

तालिमको क्लबका संस्थापक अध्यक्ष हरि भाटले उद्घाटन गर्दै क्लबले यो वर्ष महिला दिदीबहिनी लक्षित कार्यक्रमलाई अगाडि बढाएकोमा सोही अनुरूप महिला लक्षित कार्यक्रम आयोजना गरिएको बताए । कृषि विज्ञ सञ्जिपबहादुर बरालले सहजीकरणगर्दै बजारकोमहंगीबाट परेको असरलाई थोरै भए पनि न्यूनीकरण गर्न कौसी खेती एउटा सहयोगी माध्यम भएको बताए । उनले कौसीखेतीका नाममा घरको कौसी नै मास्ने तरिकाले नभई विधि र प्रविधिको सही उपयोग गरेर खेती गर्न समेत सुझाव दिए ।

तालिममा सहभागी सम्पूर्णलाई साग, सिमी, बोडीलगायतका बिउ बिजन सहयोग गर्नुका साथै बिरुवा उत्पादन गर्ने, रोप्ने र रोग लागेमा उपचार विधिसमेत सिकाइएको थियो । कार्यक्रममा पार्वती टोल विकास संस्थाका अध्यक्षि भिमबहादुर पुनले संस्थाले निकै उपयोगी र समय सापेक्ष कार्यक्रम टोलमा ल्याइदिएकोमा आभार व्यक्त गरे । कार्यक्रम संयोजक लेखमाया थापाले तालिम निकै प्रभावकारी भएको र क्लबबाट प्राप्त सहयोग बिउ बिजको नर्सरीदेखि उत्पादनमा कुनै समस्या आइपरे पुनः सहयोग गर्नसमेत आग्रह गरिन् । लायन वर्ष २०२३/२४ का अध्यक्ष तुल रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व अध्यक्ष असफल गौतमको स्वागत र पूर्व अध्यक्ष कृष्ण रानाभाटको सञ्चालन रहेको थियो ।

आशिर्वाद क्लवको २९ गतेदेखि प्रथम भलिवल प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित आशिर्वाद क्लब अफ नेपालले प्रथम आशिर्वाद भलिवल प्रतियोगिता २०८० गर्ने भएको छ । केही वर्ष देखि क्लवले हरेक चाडपर्वको अवसरमा शिविर, सांस्कृतिक कार्यक्रम लगायत रचनात्मक कार्यक्रम गर्दै आइरहेको छ । आगमी २९ गते देखि कार्तिक १ गते सम्म भलिबल प्रतियोगिता गर्ने क्लवका अध्यक्ष मनिष वरालले पोखरापत्रलाई वताए । प्रतियोगिता पोखरा-१३, आर्वा अमलाचौर अमरज्योति आधारभूत बिद्यालयको मैदानमा हुने छ । खेलमा सहभागी हुन टिम दर्ता शुल्क रु ३०००/- रहेको छ भने प्रथम पुरस्कार रु ४०,०००/, दृतिय पुरस्कार रु २५,००० र अन्य उत्कृष्ट पुरस्कार सहित मेडल, ट्रफि र सर्टिफिकेटहरु रहेको कुरा क्लबका अध्यक्ष मनिषले जानकारी दिए। खेलमा तीस देखी ३५ टिम सहभागी रहने र करिब दुइ हजार दर्शक हरेक दिन खेलको मनोरञ्जन लिने अनुमान गरिएको छ । दशै नजिकिदै गर्दा खेलकुदले कास्की जिल्ला भरीका खेलाडीहरु विच आत्मियता सँगै शुभकामना गर्ने वातवरण प्रतियोगितामा हुने क्लवका ईन्चार्ज रवि बरालले पोखरापत्रलाई वताए । आर्वा पहिले देखिनै कास्कीको भलिवल हब भएको कुरा जनाकारी दिदै र लामो समय भलिवल खेलमा योगदान पुराएका आर्वाका खेलाडीहरुलाई पनि सम्मान गरिने क्लवका उपाध्यक्ष आर्सन बरालले पोखरापत्रलाई वताए ।

उक्त खेललाई थप मनोरञ्जनात्मक बनाउन सांस्कृतिक कार्यक्रम, नृत्य र गीतहरु पनि प्रस्तुत गरिने सांस्कृतिक विभागका प्रमुख शुसान पौडेलले जानकारी गराए । कार्यक्रमवाट बचेको रकम सामाजिक कार्यमा खर्च गरिने क्लबका सचिव अर्जुन बरालले बताए ।

एउटै व्यक्ति भएको सूचना

बाग्लुङ जिल्ला गलकोट नगर पालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. २ निवासी भारतीय भू.पू.सै.नं. ५७४९२५०एम. पल्टन ३/८ गोर्खा राइफलका हवल्दार रामनाथ पुनको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देव कुमारी पुन, पतिको नामथर छुम बहादुर पुन, जन्म मिति वि.स. २०१८/०३/२० गते भएको र पतिको भारतीय पेन्सन डकुमेन्टमा नामथर देउ कुमारी पुन, जन्ममिति इ.सं. १९६४/०७/१८ भई नामथर र जन्ममिति फरक भए तर पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ११ नं. वडा कार्यालय, बाग्लुङको च.नं. १८४ मिति २०८०/०६/०४ गतेको पत्रबाट सिर्फारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बाग्लुङ

एउटै व्यक्ति भएको सूचना

बाग्लुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. २ निवासी भारतीय भू.पू.सै.नं. ५२४०७९३ पी पल्टन ३/३ गोरखा राइफलका हवल्दार चन्द्र बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर चन्द्र बहादुर श्रीस, जन्म मिति २०१३/११/०३ भएको र निजको भारतीय डकुमेन्टमा नाम थर चन्द्रबहादुर थापा, जन्म मिति २०१०/०९/२ भई नामथर र जन्ममिति फरक परेतापनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ११ नं. वडा कार्यालय, बाग्लुङको च.नं. १९६, मिति २०८०/०६/०४ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बाग्लुङ

मैले मेरो सैनिक अभिलेख (Record) मा मेरो श्रीमतीको नाम (चुमक कली) Chumak Kali. जन्ममिति 15ty November, 1955 A.D. लेखाएको तर नेपाली नागरिकताको प्रमाण पत्रमा मेरो श्रीमतीको नाम चन्द्र कलि श्रीस, जन्ममिति वि.सं. २०१३/७/७ (23rd October, 1956 A.D.), पतिको नामथर चन्द्र बहादुर श्रीस उल्लेख भई फरक पर्न गएको भएतापनि व्यक्ति एउटै हो फरक होइन ।

चन्द्र बहादुर थापा

रिडर्स कर्नरमा किताब मेला

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

पोखरा–पोखरा ९ न्यूरोडस्थित रिडर्स कर्नरमा किताब मेला शुरू भएको छ। नयाँ तथा पुराना किताब खरिदमा विशेष छुटसहित किताब मेला शुरू भएको हो ।

रिडर्स कर्नरका सञ्चालक विजय भण्डारीले असोज २१ गतेदेखि कात्तिक ४ गतेमसम्म किताब मेला चल्ने जानकारी दिए। हरेक वर्ष जस्तै, रिडर्स कर्नरमा किताब विशेष चाड बनाउनका लागि किताब मेला शुरू गरिएको भण्डारीको भनाइ छ । "रिडर्स कर्नरमा यसअघिका वर्षमा पनि किताब मेला हुँदै आएको छ। यो छैटौं किताब मेला हो," उनले भने, "चाडबाडलाई किताब विशेष बनाऔं भनेर किताबप्रेमीलाई केही सहुलियतसहित किताब मेला शुरू गरेका छौं ।" भण्डारीका अनुसार किताब खरिद गर्दा विभिन्न छुटको व्यवस्था छ। १९ सय ९९ रूपैयाँको किताब खरिद गर्दा १० प्रतिशतसम्म छुट, २ हजारदेखि ३४ सय ९९ रूपैयाँसम्मको किताब खरिद गर्दा १५ प्रतिशत छुट पाइनेछ। ३५ सयदेखि ४९ सय ९९ रूपैयाँसम्मको किताब खरिद गर्दा २० प्रतिशत छुट र लक्की ड्र मार्फत एउटा किताब सित्तैमा पाइनेछ। यस्तै, ५ हजार रूपैयाँभन्दा धेरैको पुस्तक खरिद गर्दा २५ प्रतिशत छुट र २ वटा किताब सित्तैमा पाइनेछ ।

पुस्तकालयले किताब खरिद गर्दा १० हजारदेखि २५ हजार ९९९ नेपाली साहित्यको किताब खरिदमा २० प्रतिशत र अँग्रेजी किताब खरिद गर्दा १५ प्रतिशतसम्मको छुट पाइनेछ। २६ हजारदेखि ४९ हजार ९९९ रूपैयाँसम्मको नेपाली साहित्यको किताब खरिद गर्दा २५ प्रतिशत र अँग्रेजी साहित्यको किताब खरिद गर्दा २० प्रतिशत छुट पाइनेछ। ५० हजारदेखि माथिको नेपाली साहित्यको किताब खरिदमा ३० प्रतिशत र अँग्रेजी साहित्यको किताब खरिद गर्दा २५ प्रतिशत छुट पाइनेछ । भण्डारीले कर्नरमा उपलब्ध किताबहरूमध्ये मेलामा केही किताब खरिदमा ५० प्रतिशतसम्म छुटमा बिक्रिका लागि राखिएको छ ।

बिमालेख हरायो

साबिक गुराँस लाईफ इन्स्योरेन्स तथा प्राइम लाइफ इन्स्योरेन्स कम्पनीबाट जारी गरिएका निम्न लिखित विवरणका बिमालेखहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम	बिमालेख नं.
१) [illegible] बहादुर [illegible]	GLI0000१४०
२) [illegible]	Plic १६१०००००९८४

सम्पर्क

हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड
[illegible] शाखा, कार्यालय
पोखरा, फोन ०६१-५३४४२०

किवी खेतीतर्फ आकर्षित हुँदै बेभ्काङवासी

पोखरापत्र संवाददाता
स्याङ्जा, २१ असोज

स्याङ्जाको आँधीखोला गाउँपालिका-१ बेभ्काङका कृषक किवी खेतीतर्फ आकर्षित हुँदै गएका छन् । बेभ्काङमा नमूनाका रूपमा स्थानीय दीपक गुरुङले गरेको किवी खेतीबाट उत्पादन राम्रो भएपछि क्रमशः उक्त खेतीतर्फ स्थानीय आकर्षित हुँदै गएको हिले बेभ्काङ मझकटेरी टोल विकास समितिका अध्यक्ष अग्निप्रसाद ढकालले बताउनुभयो ।

गाउँमा किवी खेतीका लागि सम्भावना राम्रो देखिएपछि अहिले समूह तथा व्यक्तिगत रूपमा नै किवी खेती थालिएको छ। किवी खेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउन आँधीखोला गाउँपालिका र १ नं वडा कार्यालयले किवीका बिरुवा उपलब्ध गराएको उहाँले बताउनुभयो । "कोदो रोप्दै आएको जमिन र बाँझो जमिनमा गत वर्ष तीन सय किवीका बिरुवा रोपिएको छ", उहाँले भन्नुभयो, "किवीका लागि यहाँको हावापानी उपयुक्त हुनाका साथै बाँदरले पनि नष्ट नगर्ने भएकाले पछिल्लो समय किवी खेतीतर्फ आकर्षण बढ्दो छ ।" थोरै थोरै बिरुवा लगाएर थालनी गरेका यहाँका किसानले आगामी वर्ष थप बिरुवा लगाउने गरी तयारी गरेका उहाँले बताउनुभयो । "मैले गत वर्ष ५० बिरुवा लगाएको छु, राम्रो भएको छ", उहाँले भन्नुभयो, "बाँझो रहेको अरू जग्गामा पनि थप बिरुवा लगाउँछु, यहाँ मजस्तै अरू किसानहरूले पनि व्यावसायिक रूपमा किवी खेती गर्ने मनसाय गर्नुभएको छ ।" कोदो रोप्दै आएको जमिनमा तीन वर्षअघि परीक्षणका लागि २० किवीका बिरुवा ल्याएर लगाएको स्थानीय दीपक गुरुङ बताउनुहुन्छ । तीन वर्षअघि लगाएका बिरुवाबाट हाल उत्पादन राम्रो भएकाले यहाँका स्थानीयहरूले यो खेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउँदै गरेको गुरुङले बताउनुभयो । "गाउँमा कोदो रोप्दै गरेको जमिन र बाँझो जमिनमा कस्तो हुँदोरैछ भनेर काभ्रेबाट मगाएर तीन वर्षअघि किवीका बिरुवा लगाएँ", उहाँले भन्नुभयो, "किवीका लागि हाम्रो ठाउँको हावापानी अनुकूल भयो र राम्रो उत्पादन भयो ।" किवीसम्बन्धी केही पनि जानकारी नभई लगाएको खेतीबाट उत्पादन राम्रो भएपछि स्थानीय तथा आफ्ना आफन्तहरूलाई कोसेलीस्वरुप दिने गरेको उहाँले बताउनुभयो ।

गाउँबाट बसाइँ सर्ने दर बढ्दै जाँदा गाउँ रित्तो हुँदै गएको उहाँले बताउनुभयो । उहाँका अनुसार गाउँबाट ३० घर पोखरा र सात घर काठमाडौंमा बस्दै आएका छन् । पोखरामा बस्दै आउनुभएका गुरुङले गाउँमा रहेको जमिनमा परीक्षणका रूपमा लगाएको किवीबाट उत्पादन राम्रो भएसँगै स्थानीयलाई सिकाइ र अनुभव लिने अवसर मिलेको छ । "मैले कस्तो हुँदोरैछ, गाउँको हावापानीमा किवी हुन्छ कि हुँदैन भनेर परीक्षण गर्न लगाएको थिएँ, व्यावसायिक रूपमा गरेको थिएन", उहाँले भन्नुभयो, "जब फसल राम्रो भयो तब जोस र जाँगर बढेर आयो, अब बिस्तारै गाउँमा नै फर्केर किवी खेतीलाई व्यावसायिक रूपमा लैजान पर्छ कि भन्ने सोचाइमा छु ।"

सैद्धान्तिक ज्ञान भए पनि किवी खेती व्यावसायिक रूपमा गर्नका लागि प्रयोगात्मक ज्ञान भने अझै कमी रहेकाले यसको खोजीमा रहेको उहाँ बताउनुहुन्छ । बेभ्काङ समुद्र सतहदेखि एक हजार चार सयदेखि एक हजार पाँच सय मिटरको उचाइ रहेकाले यहाँ किवीका लागि आवश्यक पर्ने हावापानी भएको उहाँले बताउनुभयो ।

एउटै व्यक्ति भएको सूचना

बाग्लुङ जिल्ला गलकोट नगर पालिका वडा नं. ६ निवासी भारतीय भू.पू.सै.नं. १८३४१ युनियन नं. १३०८० पल्टन मनिपुर राइफलका डिल बहादुर रानाको छोरीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर चन्द्र कुमारी श्रीस भएको र बुबाको भारतीय पेन्सन डकुमेन्टमा नामथर चन्द्र कुमारी राना भएको भनी गलकोट नगरपालिका ६ नं. वडा कार्यालय, बाग्लुङको च.नं. १३५ मिति २०८०/०५/२९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बाग्लुङ

एउटै व्यक्ति भएको सूचना

बाग्लुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ६ साविक हरिचौर गा.वि.स. वडा नं. १ निवासी भारतीय भू.पू.सै.नं. १८३४१ युनियन नं. १३०८० मनिपुर राइफलका डिल बहादुर रानाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर खडक कुमारी राना भएको र पतिको भारतीय पेन्सन डकुमेन्टमा नामथर खडक कुमारी भई नामथर फरक भएतापनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ६ नं. वडा कार्यालय, बाग्लुङको च.नं. १७५ मिति २०८०/०६/१८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बाग्लुङ

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक श्रद्धाञ्जली

जन्म :
२०००

स्वर्गारोहण :
२०८०/०६/१०

स्व. राजकुमारी गुरुङ

यस **B- 13** हङकङका सक्रिय अति मिलनसार सदस्य टेक बहादुर गुरुङ (प्रेम कान्छा) का ममतामयी आमा एवं लक्ष्य बहादुर गुरुङको धर्मपत्नी **राजकुमारी गुरुङ** को ८० वर्षको उमेरमा असामयीक निधनले हामी **B- 13 HK** परिवारलाई मर्माहत एवं स्तब्ध बनाएको छ। स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त हाम्रो साथी मोहन गुरुङ, बहिनी संगिता गुरुङ तथा टेक बहादुर गुरुङ (प्रेम कान्छा) र सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

रोशन गुरुङ
अध्यक्ष तथा
B- 13 हङकङ परिवार

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक श्रद्धाञ्जली

जन्म :
२०००

स्वर्गारोहण :
२०८०/०६/१०

स्व. राजकुमारी गुरुङ

पोखरा–१३ हङकङका सदस्य अति मिलनसार प्रेम बहादुर गुरुङ भाइको ममतामयी आमा एवं लक्ष्य बहादुर गुरुङको धर्मपत्नी **राजकुमारी गुरुङ** को ८० वर्षको उमेरमा असामयीक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त हाम्रो साथी मोहन गुरुङ, बहिनी संगिता गुरुङ तथा टेक बहादुर गुरुङ (प्रेम कान्छा) र सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

साथीहरुः
डिल्लीराम वि.क.
ध्रुवराज गौतम
कृष्ण गुरुङ
टेक (भाइकान्छा) गुरुङ
भिमकाजी गुरुङ
बिनोद गुरुङ
तवराज गुरुङ
दिल प्रसाद गुरुङ (ज्याकी)
तामाङ गहजिन पाखिन